यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०८/२०८२-०८३ मिति २०८३/०१/०७ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिएको छ।

<u>संवत् २०८३ साल बैशाख ०७ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण:</u>

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | योजना/पूर्वाधार शाखा | सुदूरपश्चिम प्रदेश, प्रदेश नीति तथा योजना आयोग धनगढी कैलालीको मिति २०८२।१२।१८ गते प्रकाशित स्थानीय तहमा आर्थिक वर्ष २०८३।०८४ मा प्रदेश समपूरक अनुदान तथा विशेष अनुदान अन्तरगत संचालन गरिने आयोजन/कार्यक्रम माग गर्ने। |
| | | सामजिक विकास कार्यालय दार्चुलाको मिति २०८२।१२।१९ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिका अन्तरगत वडा नं. ४ सल्लेधार र वडा नं. २ पाटु खेलमैदान निर्माण स्थल सावर्जनिक भएकाले मैदान निर्माण गर्न कुनै पनि बाधा नपर्ने र सो मैदान निर्माणका लागि प्राप्त बजेट नियमानुसार कार्यान्वयन गर्न सामाजिक विकास कार्यालयलाई पत्राचार गर्ने। |
| | | विद्यालय पूर्वाधार निर्माण कार्यक्रम अन्तरगत अपिहिमाल गाउँपालिका भित्रको ६ वटा विद्यालय निर्माणको ठेक्का प्रक्रियाबाट घटिघटाउ भई बचेको रकमबाट सम्बन्धित विद्यालयहरुमा फिल्ड निर्माण तथा घेरपर्खाल निर्माणकालागि सार्वजनिक खरिद नियमावली अनुसार योजना कार्यक्रम संचालनको लागि कार्यक्रम अगाडी बढाउने। |
| | | विद्यालय भवन पूर्वाधार निर्माण अन्तरगत ठेक्का सम्झौता भएको विद्यालय मध्ये महादेव आ.वि खडियान विद्यालय व्यवस्थापन समितिको मिति २०८२।१२।१२ गतेको निर्णय अनुसार यस आ.व. मा विद्यालय भवन बनाउन नसकिने तथा भवन निर्माणको साइट उपलब्ध गराउन नसकिने बेहोराको निर्णय तथा पत्र पठाएको हुदाँ सोही वडा नम्बर ६ को भवानी आ.वि ककनाडीमा विद्यालय भवन निर्माणका लागि विद्यालय व्यवस्थापन समितिले माग गरेकोमा उक्त भवन निर्माण कार्य भवानी आ.वि ककनाडीमा निर्माण गर्नको लागि सहमति दिने। |
| २. | पर्यटन सेवा इकाई | यस गाउँपालिकाको दिगो पर्यटन परियोजना कार्यक्रम अन्तरगत अपिहिमाल गाउँपालिकाको वडा नं. ३ र ४ मा पर्ने धरमघर क्षेत्रमा नयाँ गन्तव्यको विकास गर्न पर्यटकीय क्षेत्र प्रर्वद्धनका लागि वडा नं. ३ र ४ का वडा अध्यक्षहरुको संयोजकत्वमा समिति गठन गरी बैसाख महिना भित्रै कार्यक्रम संचालन गर्ने । |
| | | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को STP कार्यक्रम अन्तरगत पर्यटन प्रर्वद्धन विकासका लागि भिडियो डकुमेन्ट्री निर्माणकालागि कन्टेन क्रेटरहरुलाई निर्माण सम्झौता गरी पर्यटकीय क्षेत्रहरुको भिडियो निर्माणगर्न लगाउने । |
| | | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रममा पर्यटन प्रर्वद्धन कार्यक्रमबाट फोटोबुक निर्माण गर्ने । |
| ३. | प्रशासन शाखा | प्रदेश विशेष कार्यक्रम कार्यान्वयन सन्दर्भमा विपन्न नागरिक सुरक्षित आवास कार्यक्रम अन्तरगत नागरिक सुरक्षित आवास निर्माणका लागि प्रति व्यक्ति ३ लाख का दरले रकम उपलब्ध गराउने गरी सार्वजनिक सूचना गर्ने। |

| | | |
|---|---|---|
| ४. | आर्थिक प्रशासन शाखा | अपिहिमाल गाउँपालिकाको आर्थिक सहायताका तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम तपसिल लाभग्राहीहरुलाई नगद आर्थिक सहायता तथा राहत उपलब्ध गराउने । |
| | | यस अपिहिमाल गाउँपालिकाको वडा नं.४ अन्तरगत श्री तामाखानी भगवती आधारभूत विद्यालय चौविसनमा माध्यामिक शिक्षा परिक्षा केन्द्र (SEE) का लागि अति आवश्यक परिक्षा केन्द्र व्यवस्थापनमा लागेको खर्च भुक्तानी निकासा दिने । |
| | | कार्य सम्पन्न भई कार्यालयबाट दिइएका भुक्तानीहरु र अनुमोदन गर्ने । |
| | | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ का लागि विनियोजित वार्षिकबजेट तथा कार्यक्रम अन्तरगतका आयोजना तथा कार्यक्रम कार्यालयबाट कार्यान्वियन गरी सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्ने । |
| ५. | जिन्सी इकाई | यस गाउँपालिकाको वडा नं.२ को निर्णय तथा प्रस्ताव बमोजिम वडा नं.२ अन्तरगतको चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत बजेट/योजना/कार्यक्रम अन्तरगत इन्टरनेट तथा महसुल विद्युतीय उपकरण खरिदमा रु १३००००।०० रकम भएकोमा वडा कार्यालय प्रयोजनको लागि विद्युतीय उपकरण सोलार सिष्टम खरिद गर्नुपर्ने भएकाले सो रकमबाट खरिद गर्न रकम अपुग भएको हुदाँ दिवस तथा समारोह कार्यक्रम शिर्षकमा रहेको रकम रु १५००००।०० मध्ये बाट इन्टरनेट तथा महसुल विद्युतीय उपकरण खरिद कार्यक्रमको लागि रु १०००००।०० रकमान्तर गरी इन्टरनेट तथा महसुल विद्युतीय उपकरण खरिद कार्यक्रममा हुन आउने रकम रु २३००००।०० बाट सोलार सिष्टम खरिद निर्माण गर्ने |
| | | दार्चुला जिल्ला ईलाका प्रशासन कार्यालय गोकुलेश्वर दार्चुलाको कार्यालय संचालनको लागि मिति २०८२ साल चैत्र महिनाको २० गते भएको सयुक्त बैठक अनुसार यस गाउँपालिकाले व्यवस्थापन गर्नु पर्ने डेस्कटप कम्प्युटर एक थान र लेजर प्रिन्टर एक थान खरिद गरि ईलाका प्रशासन कार्यालय गोकुलेश्वरमा ईलाका प्रशासन कार्यालय स्थापनाको लागि हस्तान्तरण गर्ने । |
| ६. | शिक्षा युवा तथा खेलकुद शाखा | यस अपिहिमाल गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई मिति २०८३।०१।९ सम्म भर्ना अभियान संचालन गरी मिति २०८३।०१।१० गते देखि सामुदायिक विद्यालयहरु नियमित रुपमा अध्ययन अध्यापन गर्न पत्राचार गर्ने । |

अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल